# नीलकण्ठ नगरपालिकाको कार्यालय
## पशु सेवा शाखा
धादिङ्गबेसी, धादिङ्ग

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।१०।१५

यस शाखाको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७४।०७५ का लागी तपसिलमा उल्लेखित लागत साझेदारी कार्यक्रम गर्न इच्छुक सहकारी संस्था, व्यावसायीक संघ संगठन र निजी फर्म तथा कम्पनीहरूले निम्न लिखित कागजातहरूको साथमा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव तथा आवश्यक कागजातका साथ शिलवन्दि गरी दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ ।

| क्र. स. | साझेदारी कार्यक्रमहरू | साझेदार संख्या | लगत साझेदार अधिकतम रकम प्रति एकाई रू. | कैफियत |
|---|---|---|---|---|
| १. | दुग्ध संकलन केन्द्र स्थापना साझेदारी कार्यक्रम | २ वटा | १ लाख ५० हजार | एक वडा एक उत्पादनमा आधारित |
| २. | वोयर वोका वितरण | १४ गोटा | २५ हजार | प्रत्येक वडामा एक एक वटा |
| ३. | ग्रामिण कुखुरा पालन पर्वद्धन साझेदारी कार्याक्रम | ४ वटा | १ लाख | एक वडा एक उत्पादनमा आधारित |
| ४. | वख्रा पालन पर्वद्धन साझेदारी कार्यक्रम | ५ वटा | १ लाख | एक वडा एक उत्पादनमा आधारित |

प्रस्ताव दर्ता गर्दा अनिवार्य रूपमा क्रमानुसार सम्मिलित हुनुपर्ने कागजातहरू

१. प्रस्तावकले रू.१००को नगरपालिकाको रसिद सहितको निवेदन

२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी(संस्था भएमा अध्यक्षको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी)

३. पशु सेवा शाखाले तोकेको ढाचां अनुसारको प्राविधिक र आर्थिक प्रस्तावना

४. रू १ लाख भन्दा माथिको हकमा संक्षिप्त व्यावसायीक कार्ययोजना ।

५. सम्वन्धित वडा कार्यालयहरूको सिफारिस पत्र

६. प्रचलित कानुन बमाजिम आधिकारीक निकायमा संस्था/फर्म/व्यावसाय दर्ता/नवीकरण गरेको प्रमाणित प्रतिलिपि

७. सहकारी संस्था, व्यावसायीक संस्था, फर्म, कम्पनी, कृषक समुह, समितिहरूको हकमा मुल्य अभिवृद्धि कर(VAT)वा स्थायी लेखा नम्वर(PAN)दर्ता प्रमाण पत्रको प्रतिलिपि र कार्य समितिको निर्णय

९. आ.व.२०७३।०७४को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता दाखिलाको प्रमाणित प्रतिलिपि

१०. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र

११. अन्यनिकायवाट अनुदान लिए नलिएको खुल्ने जानकारी पत्र ।

१२. प्रस्तावक निकायको कार्यक्रम सग मेल खाने शैक्षिक योग्यता/तालिमको प्रमाण पत्रको प्रतिलिपि

१३. प्रस्तावकले सम्वन्धित निकायको वित्तिय क्षमता प्रमाणित गर्ने कागजातहरू

१४. यदि कार्यक्रम संचालन भइरहेको भए सो को फोटो समेत पेश गर्नु पर्नेछ ।